वर्ष ७, अंक २
पौष २०७२, December 2015

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

### अध्यक्षको मन्तव्य



संस्थाको अध्यक्षको हैसियतमा म दोस्रो मन्तव्य प्रस्तुत गरिरहेको छु । लेखाव्यवसायीको योगदान समाज तथा राष्ट्रको विकासको लागि महत्वपूर्ण रहेको कुरामा कुनै सन्देह छैन । लेखाव्यवसायीहरूले अहिलेको बदलिंदो बित्तीय परिस्थितिअनुरुप समर्पित रूपमा आफ्ना व्यावसायिक क्रियाकलापहरू सम्पादन गर्नु आवश्यक देखिन्छ । तसर्थ हालको परिस्थितिअनुसार प्रत्येक लेखाव्यवसायीले अन्तर्राष्ट्रिय स्तर अनुरूप व्यावसाकि तवरमा कार्यसम्पादन गर्नु नितान्त आवश्यक देखिन्छ । संस्थाका सदस्यहरूलाई थप क्षमतावान तथा नतिजामूलक बनाउनु हाम्रो दायित्व र अवसर हो । यस तथ्यलाई मननगरी लेखा सेवा प्रदान गर्दा लेखापरीक्षणमान र लेखामानको प्रयोग गर्नु जरूरी हुन्छ । त्यसका साथै आफ्ना सेवाग्राहीलाई गुणस्तरीय सेवा दिनु प्रत्येक लेखाव्यवसायीको दायित्व हुनजान्छ ।

विश्वमा प्रकृतिक विपदहरू व्यहोर्नु पर्ने अवस्था सामान्य भैसकेको छ भने यस्तो विपदबाट नेपाल मुक्त छैन । २०७२ बैशाख १२ र २९ गते आएको महाविनाशकारी भुकम्पले उत्पन्न परिस्थिति आज पनि हामी माझ आलोनै छ । सो भुकम्पले ८ हजार भन्दा बढी ज्यान लिएको, २५ हजार भन्दा बढी घाइते भएका र करिव ६.६ अर्व डलर बराबरको सम्पत्तिमा क्षति पुऱ्याएको छ । विनाशकारी भुकम्पका कारण अर्थतन्त्र नराम्ररी प्रभावित भई आपूर्ति प्रणाली र आर्थिक बृद्धिमा नकारात्मक असर परेको छ । न्यून आर्थिक बृद्धिदरले समग्र माग तथा आपूर्ति व्यवस्थालाई पनि असर गरेको बर्तमान अवस्थाबाट झल्किन्छ । लगानीको बातावरणमा देखिएको उतार चढावले लगानीकर्ताहरू लगानी गर्न तत्पर देखिदैनन् जसको फलस्वरूप समग्र राष्ट्रिय उत्पादन, रोजगारीका अवसरहरू थप घट्ने अवस्था छ । तर पनि देशमा २०७२ सालमा नयाँ संविधान जारी भएसँगै मुलुकको निमार्णको लागि सवै जनता र हामी लेखाव्यवसायीहरू एकजुट हुनु आवश्यक रहेको ठान्दछु । उपरोक्त परिप्रेक्षमा प्राकृतिक विपदको फलस्वरूप आपूर्ति व्यवस्थामा आएको अवरोध र त्यसबाट समाजमा तथा व्यापारिक प्रणालीमा परेको असरका साथै वित्तीय प्रतिवेदन प्रणालीमा समस्याहरू सृजना भएका छन् । अतः संस्थाले यिनै विषयवस्तुमा केन्द्रित भै २०७२ माघ १७ गते एक सम्मेलन आयोजना गर्न भएको छ ।

संस्थाको अध्यक्षको हैसियतमा संस्थाका सदस्य तथा सरोकारवालाहरूलाई संस्थाले गरेको प्रगति र आगामी दिनमा गरिने विविध कार्यक्रमहरूको विवरण पेश गर्न अनुमति चाहन्छु ।

### विद्यार्थी शिक्षा र शैक्षिक योजना

वास्तवमा चार्टर्ड एकाउन्टेन्सी शिक्षा व्यावसयिक पाठ्यक्रममा आधारित भएकोले यसले भविष्यमा राम्रा अवसरहरू बोकेको हुन्छ । त्यसैले पनि यस व्यावसायिक शिक्षाप्रति विद्यार्थीहरूको चासो बढेको पाइन्छ । किनकि यस शिक्षाले एउटा खास क्षेत्रलाई मात्र नअंगाली विविध क्षेत्रलाई ओगटेको हुन्छ ।

पहिलो मन्तव्यमा उल्लेख भए अनुसार हालै केही सुधारका कार्यहरूको थालनी गरिएको छ । यस्ता सुधारका गतिविधिहरूमा शैक्षिक सामग्रीहरू अद्यावधिक र संशोधन गर्नको लागि उपयुक्त शैक्षिक योग्यता भएका कर्मचारीहरूको छनौट गरिएको र यो क्रम आगामी दिनमा समेत निरन्तर रूपमा अघि बढाइने छ ।

त्यस्तै शिक्षा प्रणालीका साथै सिए शिक्षाको विकासका निमित्त गर्नुपर्ने सुधारका सम्बन्धमा अन्तरक्रिया गर्ने उद्देश्यले CAP III तहका विद्यार्थीहरूसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको र आगामी दिनमा पनि गरिने कुराको विश्वास दिलाउन चाहन्छु । विद्यार्थीहरूबाट प्राप्त सुझाव तथा टिप्पणीहरूले सिए शिक्षा क्षेत्रको विकासमा योगदान पुग्ने विश्वास लिएका छौं ।

यस वाहेक चार्टर्ड एकाउन्टेन्सी शिक्षा पूरागरी नयाँ चार्टर्ड एकाउन्टेन्ट हुन योग्य

### अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमानमा डिप्लोमा (Diploma in IFRS)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले The Association of Chartered Certified Accountants (ACCA) को सहयोगमा २०१५अक्टोवर ६ देखि १२ सम्म काठमाडौंमा Diploma in IFRS सम्वन्धी कोर्षको संचालन गरेको थियो । सो कोर्षमा Diploma in IFRS परीक्षाको लागि आवश्यक पर्ने विषयबस्तुहरूको बारेमा गहिरो ज्ञान प्रदान गर्ने गरी संचालन गरिएको थियो । कोर्षमा कूल २९ जना सदस्य तथा गैह्र सदस्यहरूको सहभागिता रहेको थियो ।




संस्थाका पदाधिकारीका साथ Diploma in IFRS कोर्षका सहभागीहरूको सामूहिक तस्वीर ।

नियमित कोर्ष संचालनको क्रममा यसभन्दा अघिल्लो कोर्षका सहभागीहरूलाई समेत लक्षित गरी पुनर्ताजगी कार्यक्रमसमेत संचालन गरेको थियो ।

यसैगरी २०१५ डिसेम्बर ११ मा संचालित Diploma in IFRS को परीक्षामा कूल ६३ जनाले परीक्षा आवेदन फारम भरी ३७ जना उपस्थित भएकोमा परीक्षाको नतिजा अनुसार २० जना परीक्षार्थीले उक्त कोर्ष उत्तीर्ण गरेका छन् ।

### NFRS Implementation in Commercial Banks सम्बन्धी कार्यशाला गोष्ठी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले नेपाल राष्ट्र बैंकसँगको सहकार्यमा वाणिज्य बैंकहरूमा NFRS को हालसम्मको प्रयोग तथा प्रगतिको अवस्थाको बारेमा समीक्षा गर्न २०१५ अक्टोवर ९ मा एक कार्यशाला गोष्ठीको आयोजना गरेको थियो । विभिन्न वाणिज्यहरूका बैंक संचालक समितिका अध्यक्ष, बैंकका लेखा समितिका सभापतिहरू, संचालक समिति र बैंकका कार्यकारी निर्देशकलाई लक्षित गरी उक्त कार्यशाला गोष्ठी संचालन गरिएको थियो । अध्यक्ष सिए. प्रकाश लम्सालले कार्यशाला गोष्ठीको उद्देश्यबारेमा प्रकाश पार्नुभएको थियो । गोष्ठीको अध्यक्षता निमित्त गभर्नर सिए. महाप्रसाद अधिकारीले गर्नुभएको थियो ।




NFRS Implementation कार्यशाला गोष्ठीको एक दृष्य ।

विद्यार्थीहरूलाई सामान्य व्यवस्थापनको विकास, व्यक्तित्व विकास र संचार सीपको विकास गरी उच्च पदमा पुग्ने अवसर प्रदान गर्ने उद्देश्यले संस्थाले GMCS तालिम संचालन गर्दै आएकोमा विगत केही वर्ष देखि काठमाडौं विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट (कूसोम)ले वजारको माग अनुसार नियमित रूपमा GMCS तालिम संचालन गर्दै आएको छ ।

जेहेन्दार तथा उच्च अंक प्राप्तगर्ने विद्यार्थीहरूलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी ज्ञान प्रदान गर्ने उद्देश्ले संस्थाले विभिन्न स्थानमा करीयर काउन्सलिङ्ग गर्दै आएको छ । यस तथ्यलाई दृष्टिगत गरी चार्टर्ड एकाउन्टेन्सी शिक्षाको विकासका लागि हाम्रा प्रयासहरूलाई बढाउँदै लगिएको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१को पाचौं संशोधनले शिक्षा समितिलाई बोर्ड अफ स्टडिजमा रूपान्तरण गरेको छ । यस बोर्डले शिक्षा समितिले गर्ने सबै काम कारवाही गर्नेछ । यस बोर्डको स्थापनाले भविष्यमा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको विकासमा थप सुधार हुने विश्वास गरेका छौं ।

चार्टर्ड एकाउन्टेन्सी परीक्षा, चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा र ISA परीक्षा सफलताका साथ सम्पन्न भयो । संस्थाको विकेन्द्रीकरणको नीति र विद्यार्थीहरूको सहजताको लागि संस्थाका केही शाखाहरूबाट CAP I तथा CAP II तहका परीक्षाहरू पनि सम्पन्न गरिएको छ । म सबै तहका सफल विद्यार्थीहरूलाई बधाई दिन चाहन्छु । साथै संस्थाले निर्दिष्ट गरेको आवश्यक प्रक्रिया पूरा गरी संस्थाको सदस्यता प्राप्त गर्न चाहने विद्यार्थीहरूलाई स्वागत गर्दै उनीहरूको उज्ववल भविष्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

## गुणस्तर आश्वस्तता बोर्ड (Quality Assurance Board) को गठन

२०७२/०६/१७ गतेको मन्त्रीस्तरीय निर्णयबाट नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा भएको पाँचौं संशोधनले गुणस्तर आश्वस्तता बोर्ड गठन गरी संस्थाको नियमनकारी प्रणाली बारेमा संस्थालाई जिम्मेवारी प्रदान गरेको छ । बोर्डमा ७ सदस्य रहनेछन् । यस बोर्डले स्वतन्त्र तथा निष्पक्ष रूपमा लेखाव्यवसायमा संलग्न लेखाव्यवसायी फर्महरूको गुणस्तर आश्वस्तता प्रणाली उपर निगरानी राख्न निरीक्षण तथा अनुगमन गर्नेछ । नियमावलीको उपर्युक्त प्रावधान अनुसार संस्थाले गुणस्तर आश्वस्तता बोर्ड गठन गरिसकेको र बोर्डले आफ्नो कार्यशुरु गरिसकेको छ । नियमावलीमा बोर्डको काम, कर्तव्य र अधिकार अन्तर्गत गुणस्तर आश्वस्तता परीक्षणको नीति तथा कार्यक्रम तयार पार्ने, नीति तथा कार्यक्रम अनुसार लेखाव्यवसायीको गुणस्तर परीक्षण गर्ने गराउने र सो को प्रभावकारी अनुगमन गर्ने, लेखाव्यवसायीलाई सुधारको लागि सचेत गराई परिषद् लाई जानकारी गराउने आदिको प्रावधान गरिएको छ ।

## सदस्य तथा व्यावसायिक क्षमता विकास

संस्थाको विकास प्रयासहरुमा संस्थाका सदस्यहरूको भूमिका महत्वपूर्ण रहेको यथार्थतालाई नकार्न सकिदैन । उहाँहरूको भूमिका आधारस्तम्भको रूपमा रहेको कारणबाट नै संस्थाले लेखा तथा लेखाव्यवसायको विकासमा हालको स्थिति प्राप्त गर्नसकेको हो । तसर्थ संस्थाले लेखाव्यवसायीहरूको व्यावसायिक विकास सम्बन्धी गतिविधि र लेखा, लेखाव्यवसाय तथा व्यवसायसँग सम्बन्धित नवीनतम् विकास लगायत अन्य विषयहरुमा समय समयमा व्यावसायिक विकासका कार्यक्रमहरू संचालन गर्नुको साथै त्यस सम्बन्धी जानकारी प्रदान गर्दै आएको छ ।

हामीले हाम्रा सदस्यहरूलाई आचरण सम्बन्धका विभिन्न सूचनाहरू विभिन्न माध्यमद्वारा जानकारी गराउँदै आएका छौं । समय समयमा संस्थाका सदस्यहरूबाट संस्थाले जारी गरेको नीति, नियम, निर्देशन र आचार संहिता विपरित हुने गतिविधिहरूका सम्बन्धमा संस्थाको अनुगमन समिति सचेत रहेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले The Association of Chartered Certified Accountants (ACCA) को सहयोगमा २०१५ अक्टोवरसम्म काठमाडौंमा Diploma in IFRS सम्बन्धी तालिमको संचालन गर्‍यो । Diploma in IFRS परीक्षाको लागि आवश्यक पर्ने विषयवस्तुहरूको बारेमा गहिरो ज्ञान प्रदान गर्ने उद्देश्यले सो तलिम तयार पारिएको थियो । नियमित कोर्ष संचालनको क्रममा यसभन्दा अघिल्लो कोर्षका सहभागीहरूलाई समेत लक्षित गरी पुनर्ताजगी कार्यक्रम समेत संचालन गरेको थियो ।

संस्था अन्तर्गत रहेको Contemporary Issue Discussion Committee ले २०७२ पौषमा संस्थाका सदस्यहरूलाई व्यावसाय मूल्याङ्कन (Business Valuation) बारे जानकारी गराउने उद्देश्यले Valuation Techniques सम्बन्धी कार्यशाला गोष्ठी संचालन गरेको थियो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले नेपाल राष्ट्र बैंकसँगको सहकार्यमा वाणिज्य बैंकमा NFRS को हालसम्मको प्रयोग तथा प्रगतिको अवस्थाको बारेमा समीक्षा गर्न २०१५ अक्टोवरमा एक कार्यशाला गोष्ठीको आयोजना गरेको थियो । यो कार्यशाला गोष्ठी बैंक संचालक समितिका अध्यक्ष, बैंकका लेखा समितिका सभापतिहरू, संचालक समिति र बैंकका कार्यकारीहरूलाई लक्षित गरी संचालन गरिएको थियो ।

## संस्थागत र मानवीय संशाधन

संस्थाको बढ्दो कार्यबोझ र गतिविधिहरूलाई दृष्टिगत गरी हालको संगठनात्मक संरचना अनुसार कार्यरत कर्मचारीहरू केही हदसम्म बढी कार्यबोझका कारण प्रत्येक कार्यदक्षता र प्रभावकारी रूपमा सम्पादन गर्नमा असर परेको महशुस गरी संस्थाको उद्देश्य र संस्थाले प्राप्त गरेको नयाँ चूनौतिहरू सामना गर्न संगठनात्मक संरचनामा परिवर्तन गर्न लागिएको छ । यसबाट कामको बातावरण सुदृढ हुन जाने र संस्थाको कार्यसंचालन दक्षता अभिबृद्धि हुने अपेक्षा गरिएको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा मन्त्रीस्तरीय निर्णयबाट पाँचौं संशोधन स्वीकृत भएको छ । स्वीकृत निर्णयअनुसार १७ नियमहरूमा संशोधन तथा थप नयाँ व्यवस्था गरिएका छन् ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र महालेखा नियन्त्रक कार्यालयको संयुक्त आयोजनामा २०१५ अक्टोवरमा Nepal Public Sector Accounting Standards (NPSAS) सम्बन्धी Training of Trainers (TOT) कार्यक्रम सम्पन्न भयो ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

संस्थाको अन्तर्राष्ट्रिय लेखाव्यवसायी संगठनहरूसँगको सम्बन्ध क्रमिक रूपमा बढ्दै गईरहेको छ । यस सन्दर्भमा विभिन्न अन्तर्राष्ट्रिय लेखाव्यवसायी संगठनहरूको भ्रमण गरी विभिन्न बैठकहरू, सेमिनारहरू र कार्यशाला गोष्ठीहरूमा सहभागी भयौं । यस अवधिमा दक्षिण कोरिया, सिङ्गापुर र मलेशियाको भ्रमण सम्पन्न गरेका थियौं ।

परिषद्का पदाधिकारीहरू तथा संस्थाका कर्मचारीहरूले पनि श्रीलंका र बंगलादेशको भ्रमण गरी विभिन्न बैठकहरुमा आफ्नो सहभागिता जनाउनु भएको थियो ।

म अध्यक्षको हैसियतमा २०१५ डिसेम्बरमा संस्थाको तर्फबाट SMO Action Plan IFAC मा पेश भएको सवै सदस्यहरूलाई जानकारी गराउन चाहन्छु ।

संस्थाको अध्यक्षको रूपमा म संस्थाको प्रतिनिधित्व गर्दै CAPA को बोर्ड सदस्यमा चयन भएको सहर्ष जानकारी गराउन चाहन्छु । संस्थाका पूर्व अध्यक्षज्यूहरु लगायत मेरा मित्रहरू साथै संस्थाका सदस्यहरूको दृढ सहयोग र योगदानको फलस्वरूप यो स्थान प्राप्त गर्न संभव भएको ठानेको छु ।

संस्थाले प्राप्त गरेको प्रगति र गतिविधिहरुका बारेमा सदस्य एवं अन्य सरोकारवालाहरू मझ अर्को खवरपत्र मार्फत जानकारीमा ल्याउने विश्वास दिलाउन चाहन्छु ।

मन्तव्यलाई समापन गर्नु अघि संस्थाको विकास प्रयासको निमित्त ICAN परिवार, पूर्व अध्यक्षज्यूहरू लगायत संस्थाका सदस्यहरूको अमूल्य सुझाव तथा सल्लाहको अपेक्षा राख्दछु ।



प्रकाश लम्साल
अध्यक्ष

गोष्ठीमा Gap Analysis र Roadmap to move forward for effective implementation of NFRS in Banks सम्बन्धी कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । ८० जनाको सहभागिता रहेको उक्त कार्यक्रम प्रभावकारी हुनुका साथै उच्च पदस्थ अधिकारीहरूलाई NFRS को प्रयोगमा हौसला प्रदान गरेको थियो ।

### Nepal Public Sector Accounting Standards (NPSAS) Training of Trainers (TOT) कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र महालेखा नियन्त्रक कार्यालयको संयुक्त आयोजनामा २०१५ अक्टोवर ११ देखि १६ सम्म काठमाडौंमा Nepal Public Sector Accounting Standards (NPSAS) सम्बन्धी Training of Trainers (TOT) कार्यक्रमसम्पन्न भयो ।




NPSAS सम्बन्धी TOT कार्यक्रमका सहभागिताहरूको सामूहिक तस्वीर ।

NPSAS सम्बन्धी जानकारी उपलब्ध गराउने उद्देश्यले संचालन भएको उक्त कार्यक्रममा NPSAS को सैद्धान्तिक तथा व्यवहारिक ज्ञान समेत दिइएको थियो । कार्यक्रममा महालेखापरीक्षकको कार्यालय र महालेखा नियन्त्रक कार्यालयका जम्मा २५ जना सहभागीहरू रहेका थिए ।

### मूल्याङ्कन तरिका (Valuation Techniques) सम्बन्धी कार्यशाला गोष्ठी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाअन्तर्गत रहेको Contemporary Issue Discussion Committee ले २०७२ पौष ३ गते शुक्रवार काठमाडौंमा Valuation Techniques सम्बन्धी आधा दिनको कार्यशाला गोष्ठी संचालन गर्‍यो । Contemporary Issue Discussion Committee अध्यक्ष एवं पार्षद सिए. सुनिल जाकिवन्जाले स्वागत भाषण र अध्यक्ष सिए. प्रकाश लम्सालले कार्यक्रमको बारेमा प्रकाश पार्नुभएको थियो ।




मूल्याङ्कन तरिका सम्बन्धी कार्यशाला गोष्ठीबारेमा प्रकाश पार्दै संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल ।

कार्यक्रम दुई सत्रमा बिभाजन गरी संचालन गरिएको थियो ।

| सत्र | शीर्षक | कार्यपत्र प्रस्तुतकर्ता |
|---|---|---|
| पहिलो | Issues of Valuation of Business and Other Assets and Liabilities on DDA in Banking Sector in Nepal | पूर्व अध्यक्ष सिए. सुदर्शनराज पाण्डे |
| दोस्रो | Valuation Techniques | सिए. सुमन रायमाझी |

कार्यक्रममा ७१ जनाको सहभागिता रहेको थियो । गोष्ठीका सहभागीहरूलाई ५ सी.पी.ई क्रेडिट आवर प्रदान गरिएको थियो ।

### नियमावलीमा संशोधन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा माननीय मन्त्रीस्तरीय निर्णयबाट २०७२।०६।१७ मा पाँचौं संशोधन स्वीकृत भएको छ । स्वीकृत निर्णयानुसार १७ नियमहरूमा संशोधन तथा थप नयाँ व्यवस्था गरिएको छ । संशोधित नियमावली अनुसार शिक्षा, इन्टर्नशीप, पेशागत प्रमाणपत्र, बोर्ड अफ स्टडिज, लेखाप्राविधिक बोर्ड, क्वालिटी एस्यूरेन्स बोर्ड, आदिमा नयाँ व्यवस्था गरिएको छ । संशोधित नियमहरू तुरुन्तै लागु हुने छन् ।

### संस्थाद्वारा SMOs Action Plan(2015-17) IFAC मा पेश

संस्थाले २०१५ डिसेम्बर १५ मा IFAC मा Statement of Membership Obligations (SMOs) Action Plan(2015-17) पेश गरेको छ । IFAC को SMOs ले सदस्य राष्ट्रले गरेको प्रतिबद्धतामा सहयोग गर्दछ । यसले International Auditing and Assurance Standards Board, Accounting Education Standards Board, Ethics Standards Board for Accountants, International Public Sector Accounting Standards Board ले घोषणा गरेको कार्यलाई प्रयोग गर्ने र लागु गराउने कार्य गर्दछ । यसको अतिरिक्त गुणस्तरमा विश्वसनीयता स्थापना गर्ने, विश्लेषण र आचरण प्रणालीमा समेत ध्यान दिने गर्दछ । संस्थाद्वारा SMOs Action Plan(2015-17) IFAC मा पेश गर्नु अघि परिषदमा विस्तृत छलफल गरिएको थियो ।

## सदस्य सेवा तथा व्यावसायिक विकास

### सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था

२०७२ श्रावण १ देखि पौष १४, सम्म सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको नवीकरणको स्थिति निम्न बमोजिम रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| एफसिए/सिए | ८९६ | ५७४ | ६८८ | ३२३ | ६०० | ३२३ |
| आरए. बी | ३३७५ | १८६७ | ३१४० | १३५३ | १६१० | १३५७ |
| आरए. सी | १६०७ | ८१६ | १४७५ | ६६५ | ८११ | ६६६ |
| आरए. डी | २२८५ | १२२२ | २०९३ | १०७१ | ११६७ | १०६५ |
| कूल सदस्य | ८१६३ | ४४७९ | ७३९६ | ३४१२ | ४१८८ | ३४११ |

## शिक्षा तथा परीक्षा

### २०१५ डिसेम्बरको चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षा सम्पन्न

२०१५ डिसेम्बरमा संस्थाबाट संचालित चार्टर्ड एकाउन्टेन्सी कोर्षअन्तर्गत विभिन्न तहको अन्तिम परीक्षा सम्पन्न भयो । संस्थाको मुख्य कार्यालयबाट सबै तहको परीक्षाको साथै संस्थाका शाखा कार्यालयहरू बिराटनगर र पोखरामा CAP I र CAP II तहको परीक्षा संचालन गरिएको थियो । २०१५ डिसेम्बर १ देखि ०९ सम्म संचालित उक्त परीक्षाको लागि आवेदन दिने परीक्षार्थीहरू र सामेल हुनेहरूको स्थिति निम्नानुसार रहेको थियो ।

| तह | CAP I | | CAP II | | CAP III | |
|---|---|---|---|---|---|---|
| समूह | आवेदक संख्या | परीक्षामा सामेल | आवेदक संख्या | परीक्षामा सामेल | आवेदक संख्या | परीक्षामा सामेल |
| पहिलो समूह | ७०४ | ६७५ | ३४८ | २९० | १६४ | १५२ |
| दोस्रो समूह | | | ३०० | २५५ | १५९ | १३२ |
| दुवै समूह | | | ८१२ | ७७७ | १७८ | १७५ |
| कूल | ७०४ | ६७५ | १४६० | १३२२ | ५०१ | ४५९ |

सबै तहमा गरी २६६५ विद्यार्थीहरूले आवेदन दिएकोमा जम्मा २४५६ जनामात्र परीक्षामा उपस्थित भएका थिए ।

### सदस्यता परीक्षा सम्पन्न

विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यताको लागि २०१५ डिसेम्बर ४ र ७ मा संस्थाबाट काठमाडौंमा संचालित सिए सदस्यता परीक्षामा Corporate Laws र Advanced Taxation विषयमा क्रमशः १३२ र १४२ आवेदकले परीक्षाको निमित्त फारम भरेका थिए । जसमध्ये १०८ र १०१ जनामात्र परीक्षामा उपस्थित थिए । संस्थाको नियमानुसार विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट

चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्ने व्यक्तिले संस्थाले लिने सदस्यता परीक्षा उत्तीर्ण गरी संस्थाले निर्धारण गरेको अन्य आवश्यक प्रक्रिया पूरा गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यवस्था छ ।

### विद्यार्थी भर्ना स्थिति

संस्थामा सिए. अध्ययन गर्न चाहने विद्यार्थीहरूको भर्नामा भएको क्रमिक बृद्धिले संस्थाले प्रदान गर्दै आएको गुणस्तरीयतालाई बल पुगेको छ । चार्टर्ड एकाउन्टेन्टहरूको बढ्दो मागको कारणले पनि यस शिक्षाप्रति विद्यार्थीहरूको चाहना बढेको देखिन्छ । आर्थिक वर्ष २०७२/७३ पौष सम्मको विद्यार्थी भर्ना स्थिति निम्न रहेको छ ।

| तह | CAP I | CAP II | CAP III |
|---|---|---|---|
| विद्यार्थी संख्या | ३०९ | ३०१ | ८० |

### शिक्षा समितिलाई बोर्ड अफ स्टडिजमा रूपान्तरित

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा व्यवस्था भए बमोजिम परिषदले सन् २००३ मा अस्थायी समितिको रूपमा शिक्षा समितिको स्थापना गरेको थियो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१को पाचौं संशोधनले शिक्षा समितिलाई बोर्ड अफ स्टडिजमा रूपान्तरण गरेको छ । यस बोर्डले साविकमा शिक्षा समितिले सम्पादन गर्ने सबै काम कारवाही गर्नेछ । यस बोर्डले गर्ने मुख्य काम कारवाहीमा व्यवसायिक शिक्षाको पाठ्यक्रम तर्जुमा, IFAC संगको प्रतिबद्धताअनुरूप पाठ्यक्रमहरूको पुनः विश्लेषण र अन्तिम रूप दिनु, शैक्षिक मोडुलको विकास, योग्यता परीक्षा र कोचिङ कक्षा संचालन, कोचिङ कक्षा संचालन गर्ने शैक्षिक संस्थालाई मान्यता, विश्वबिद्यालयसँग समकक्षता, लेखापरीक्षण फर्महरूसँग आर्टिकल ट्रेनीसम्बन्धी अनुगमन गर्ने आदि पर्दछन् । शिक्षा समितिको अन्तिम बैठक २०१५ डिसेम्बर ८ मा बसेको थियो ।

### लेखाप्राविधिक परीक्षाको नतीजा प्रकाशित

२०१५ सेप्टेम्बर १७ देखि २१ मा संचालन भएको लेखाप्राविधिक परीक्षाको नतिजा २०१५ नोभेम्वर ८ मा लेखाप्राविधिज्ञ बिनियमावली, २०६७ बमोजिम प्रकाशित भयो । नतिजाअनुसार १ परीक्षार्थी उत्तीर्ण हुनु भयो । लेखाप्राविधिक परीक्षाको लागि आवेदन दिने तथा परीक्षामा सामेल हुने परीक्षार्थीको संख्या निम्नअनुसार रहेको छ ।

| विषय | Advanced A/C& Management A/C | Audit & Assurance | Corporate and Other Laws | Tax Laws |
|---|---|---|---|---|
| परीक्षा मिति | २०१५/९/१७ | २०१५/९/१८ | २०१५/९/२० | २०१५/९/२१ |
| कूल परीक्षार्थी संख्या | ८ | ८ | ८ | ८ |
| परीक्षामा सामेल संख्या | ४ | ४ | ४ | ४ |

बिनियमावली अनुसार लेखाप्राविधिक परीक्षा उत्तीर्ण गरी संस्थाले निर्धारण गरेको आवश्यक प्रकृया पूरा गरे पश्चात संस्थाद्वारा प्रदान गरिने अनुमति पत्रको आधारमा तोकिएअनुसार लेखापरीक्षण गर्न पाउने व्यवस्था छ । लेखाप्राविधिकको परीक्षा वर्षमा दुईपटक मार्च तथा सेप्टेम्वरमा संचालन हुन्छ ।

### ८औं व्याचको व्यवस्थापन तथा सञ्चार सीप तालिम सम्पन्न

२०११ डिसेम्वर देखि CAP III , फाईनल र लेखाप्राविधिक तहको परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि अनिवार्य गरिएको व्यवस्थापन तथा सञ्चार सीप तालिम ६ महिनाको अन्तरालमा नियमित रूपमा संचालन हुँदै आएको छ । काठमाडौं विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट (कूसोम)ले तालिम संचालन गरेको थियो ।



संस्थाका अधिकारीहरूका साथ ८औं व्याचको व्यवस्थापन तथा संचार सीप तालिमका सहभागीहरूको सामूहिक तस्वीर ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) र काठमाडौं विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट (कूसोम) बीच भएको प्रशिक्षण सम्झौता बमोजिम कूसोमले प्रशिक्षण कार्यक्रम संचालन गरेको हो ।

नयाँ चार्टर्ड एकाउन्टेन्ट हुन योग्य विद्यार्थीहरूको मौखिक तथा लिखित सञ्चार सीप क्षमता अभिबृद्धि गर्ने यो तालिमको आयोजना गरिएको हो । तालिमले नयाँ चार्टर्ड एकाउन्टेन्ट हुन योग्य विद्यार्थीहरूलाई सामान्य व्यवस्थापनको विकास, व्यक्तित्व विकास र सञ्चार सीपको विकास गरी उच्च पदमा पदस्थापन हुने अवसर प्रदान गर्दछ ।

आठौं व्याचको व्यवस्थापन तथा सञ्चार सीप तालिम २०१५नोभेम्बर २३ देखि डिसेम्बर १३, सम्म संचालन गरिएकोमा ३२ नयाँ चार्टर्ड एकाउन्टेन्ट हुन योग्य विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

### CAP III तहका विद्यार्थीहरूसँगको अन्तरक्रिया

चार्टर्ड एकाउन्टेन्सी CAP III तहका विद्यार्थीहरूसंग अन्तरक्रिया गर्ने उद्देश्यले शिक्षा विभागले २०१६ जनवरी १ मा संस्थाको मुख्य कार्यालय, सातदोबाटोमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा CAP III तहका विद्यार्थीहरूले संस्थाका अध्यक्ष तथा उपाध्यक्षसँग शिक्षा प्रणालीका साथै सिए शिक्षाको विकासका निमित्त गर्नुपर्ने सुधारका विषयहरूका सम्बन्धमा अन्तरक्रिया गरेका थिए ।

### Revision Test Paper र Suggested Answers प्रकाशन

संस्थाले CAP II र CAP III तहका विद्यार्थीहरूको लागि २०१५ डिसेम्बर परीक्षाको निमित्त Revision Test Paper र CAP I, CAP II र CAP III का २०१५ जूनमा सोधिएका प्रश्नहरूको उत्तरको संगालो (Suggested Answers) प्रकाशित गरेको छ ।

### पुस्तकालयमा थप पुस्तक

संस्थाले विद्यार्थी तथा पाठकहरूका लागि उपयोगी हुने विभिन्न विषयका पुस्तकहरू पुस्तकालयमा थप गरेको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

### CAPA Annual General Meeting, CAPA Board Meeting तथा CAPA Conference

संस्थाको पाँच सदस्यीय प्रतिनिधि मण्डलले २०१५ अक्टोवर २६ देखि ३० सम्म दक्षिण कोरियामा आयोजना भएको CAPA Annual General Meeting, CAPA Board Meeting तथा CAPA Conference मा भाग लिएको थियो । अध्यक्ष सिए. प्रकाश लम्सालले नेतृत्व गर्नुभएको प्रतिनिधि मण्डलका अन्य प्रतिनिधिहरूमा उपाध्यक्ष सिए. महेश खनाल, पार्षद सिए. भाष्कर सिंह लाला, पार्षद आरए. गणेश राज राई र संस्थाका कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठ रहनुभएको थियो ।




संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल CAPA Board Meeting र Assembly का प्रतिनिधिहरूका साथ ।

साथै दक्षिण कोरियाको सिउलमा सम्पन्न Confederation of Asian and Pacific Accountants (CAPA) को बोर्डमा ४ बर्षको लागि संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल कापा बोर्ड सदस्य चयन हुनुभएको छ ।

### IFAC Board र Council Meeting, Singapore

२०१५ नोभेम्बर १० देखि १३ सम्म सिंगापुरमा आयोजित IFAC Board र Council Meeting मा संस्थाको तर्फबाट अध्यक्ष सिए. प्रकाश लम्साल र उपाध्यक्ष सिए. महेश खनालले भाग लिनुभएको थियो ।




संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल र उपाध्यक्ष सिए. महेश खनाल IFAC को अध्यक्षका साथ ।

यस मिटिङ्गको उद्देश्य IFAC को रणनीति २०१६ र रणनैतिक योजना कार्यान्वयनका सम्बन्धमा छलफल भएको थियो ।

### Malaysian Institute of Accountants (MIA) भ्रमण

सिङ्गपुरमा आयोजित IFAC Board र Council Meeting को भ्रमणको क्रममा संस्थाका अध्यक्ष तथा उपाध्यक्षले Malaysian Institute of Accountants (MIA) को भ्रमण गर्नुभएको थियो ।




संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल र उपाध्यक्ष सिए. महेश खनाल MIA को अधिकारीहरूका साथ ।

उक्त भ्रमणको दौरानमा MIA र ICAN वीच भएको Memorandum of Understanding (MOU) नवीकरण र अन्य समसामयिक विषयहरूमा छलफल भएको थियो । संस्थाले २०१३ मे १० मा MIA संग MOU गरेको थियो ।

### SAFA Board Meeting र SAFA iTAG Committee Meeting, Bangladesh

२०१५ अक्टोवर १७ र १८ मा संस्थाको दुई सदस्यीय प्रतिनिधि मण्डलले बंगलादेशको ढाकामा आयोजना भएको ४१औं SAFA Board Meeting तथा Committee Meeting मा भाग लियो ।

१७ अक्टोवर २०१५मा संचालन भएको SAFA iTAG कमिटी बैठकमा साफा बी.पी.ए तथा Corporate Governance Winner का मार्किङ्ग प्रक्रियालाई अन्तिम रूप दिन विस्तृत छलफल भयो । यसै सन्दर्भमा २०१६ जेनवरी ३०मा पाकिस्तानको लाहोरमा BPA Award Ceremony, २०१४ आयोजना गर्न ICAP ले मंजुरी प्रदान गरेको छ ।




संस्थाका पदाधिकारीहरू ४१औं साफा बोर्ड बैठकका सहभागीहरूका साथ ।

त्यसैगरी २०१५ अक्टोवर १८ मा ४१औं साफा बोर्ड बैठक सम्पन्न भयो । बैठकमा SAFA Virtual Knowledge & Training Center को कानूनी हैसियत तथा अतिरिक्त एकीकृत रिपोटिङ्ग, Material / Courseका सन्दर्भमा समेत छलफल भएको थियो ।

२०१५ अक्टोवर १८ र १९ मा "Financial Reform to Boost Industry and Service Sector" सम्बन्धी अन्तर्राष्ट्रिय कन्फरेन्सको समेत आयोजना भएको थियो । बोर्ड बैठक, कमिटी बैठक तथा कन्फरेन्समा पार्षद आरए. ध्रुव प्रसाद पौडेल र प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारीले भाग लिनुभएको थियो ।

### SAFA BPA Conference Marking Meeting र SAFA iTAG Committee Meeting, Srilanka

२०१५ नोभेम्बर ५ देखि ७ सम्म श्रीलंकाको कोलम्बोमा BPA Conference Marking Meeting र SAFA iTAG Committee Meeting सम्पन्न भयो । SAFA BPA Conference Marking बैठकमा Best Presented Annual Report Award-२०१४ तथा CG Awardका विजयी संस्थाहरूको सूचिलाई अन्तिम रूप दिईएको थियो ।



संस्थाका पदाधिकारीहरू साफा iTAG Committee बैठकका सहभागीहरूका साथ ।

त्यसैगरी SAFA iTAG Committee Meeting ले SAFA BPA Conference Marking Meeting, Technical Committee द्वारा Best Presented Annual Report Award-२०१४ तथा CG Awardका विजयी संस्थाहरूको अन्तिम नामावलीलाई मान्यता दिएको थियो । SAFA सदस्यहरूमध्येबाट पाँच देशबाट जम्मा ७४ संस्थाहरू पुरस्कार तथा मेरिट सर्टिफिकेटको लागि छनौट भएका थिए । जसमध्ये श्रीलंकाबाट ३१, बंगलादेशबाट १५, पाकिस्तानबाट १० र नेपाल तथा भारतबाट ३/३ बटा संस्थाहरू छानिएका थिए ।

ती बैठकहरूमा संस्थाको तर्फबाट संस्थाका प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारी सहभागी हुनुभएको थियो ।

## आ. ब. २०७२/७३ को सी.पी.ई तालिम कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आ.ब. २०७२/७३ मा संचालन हुने तालिमहरू निम्न मिति र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मिति | स्थान | संचालन गर्ने संस्था |
|---|---|---|---|
| १. | २०७२ फागुन ७, ८ र ९ | दाङ्ग/भैरहवा | ICAN/AUDAN |
| २. | २०७२ फागुन १४, १५ र १६ | सुर्खेत/हेटौंडा | CAI/AUDAN |
| ३. | २०७२ फागुन २८, २९ र ३० | धनगढी/इलाम/सिन्धुली | AUDAN/AUDAN/AUDAN |
| ४. | २०७२ चैत्र ५, ६ र ७ | नारायणघाट/विर्तामोड /पोखरा | AUDAN/AUDAN/ICAN |
| ५. | २०७२ चैत्र १२, १३ र १४ | जनकपुर/विराटनगर/नेपालगंज | AUDAN\AUDAN/ICAN |
| ६. | २०७२ चैत्र २६, २७ र २८ | काठमाडौं/बुटवल | AUDAN/PS |
| ७. | २०७३ वैशाख ३, ४ र ५ | विरगन्ज/काठमाडौं/कन्चनपुर | PS/AUDAN/ICAN |
| ८. | २०७३ वैशाख १७, १८ र १९ | काठमाडौं/विराटनगर | CAI/ICAN |
| ९. | २०७३ वैशाख ३१ र जेठ १, २ | पोखरा | AUDAN |
| १०. | २०७३ जेठ ७, ८ र ९ | काठमाडौं | ICAN |
| ११. | २०७३ जेठ २१, २२ र २३ | काठमाडौं | CAI |
| १२. | २०७३ असार ३, ४ र ५ | काठमाडौं/काठमाडौं | ICAN/AUDAN |
| १३. | २०७३ असार १०, ११ र १२ | काठमाडौं/काठमाडौं | AUDAN/PS |
| १४. | २०७३ असार १७, १८ र १९ | काठमाडौं/काठमाडौं | ICAN/AUDAN |

पूनश्चः प्राविधिक कारणले उपरोक्त समय तालिकामा हेरफेर हुन सक्ने छ । हेरफेर भएको अवस्थामा सूचना मार्फत जानकारी गराइने छ ।

### बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरूले एक बर्ष इन्टर्नसीप (Internship) गर्नुपर्ने व्यवस्था सम्बन्धमा अत्यन्त जरूरी सूचना

बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरूले नेपालमा लेखाव्यवसायको काम गर्नको लागि नेपालको लेखाव्यवसाय, लेखापरीक्षण गर्नुपर्ने निकायहरू, नेपालको ऐन नियमहरू, विभिन्न नियमनकारी निकायहरूले जारी गरेका निर्देशिकाहरू सम्बन्धी व्यवहारिक ज्ञान आवश्यक देखिएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २६ को उपदफा (२) को अधिकार प्रयोग गरी बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरूले यस संस्थाको पेशागत प्रमाणपत्र प्राप्त गर्न मिति २०७२/०४/०१ देखि तथा यस संस्थाको सदस्यता प्राप्त गर्न मिति २०७४/०४/०१ देखि कम्तीमा एक बर्ष इन्टर्नसीप (Internship) गर्नु पर्ने व्यवस्था लागू गरिएको व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### एकल फर्म तथा साझेदारी फर्म खोल्ने व्यवस्थामा भएको संशोधन सम्बन्धी अत्यन्त जरुरी सूचना !

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा भएको पाँचौं संशोधन अनुसार यस संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले एकै समयमा एक भन्दा बढी एकल फर्म खोल्न वा एक भन्दा बढी साझेदारी फर्मको साझेदार हुन नपाउने व्यवस्था गरेको छ । एकल फर्म भएका सदस्यहरूले साझेदारी लेखाव्यवसायी फर्ममा साझेदार हुन चाहेमा एकल फर्म निष्कृय गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी निस्कृय भएको एकल फर्म नवीकरण गर्न चाहेमा नवीकरण गर्न सकिनेछ तर सो एकल फर्मको नामबाट साझेदारी फर्मको साझेदार रहँदासम्म लेखाव्यवसाय गर्न भने पाईने छैन ।

तसर्थ कुनै सदस्य एक भन्दा बढी लेखाव्यवसायी फर्ममा संलग्न रहेको भए मिति २०७४ साल असार मसान्त भित्र एकल लेखाव्यवसायी फर्म वा एक मात्र साझेदारी लेखाव्यवसायी फर्ममा संलग्नता रहने गरी व्यवस्था मिलाइ सक्नुपर्नेछ अन्यथा त्यस्ता सदस्यहरूको लेखाव्यवसायी फर्म २०७४ श्रावण १ गतेबाट नवीकरण नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

टिकट

प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)

सातदोबाटो, ललितपुर, पो.ब.नं. ५२८९ (काठमाडौं), फोनः ०१-५५३०८३२, ५५३०७३०
फ्याक्सः ००९७७-१-५५५०७७४, इमेलः ican@ntc.net.np, वेवसाइटः www.ican.org.np
शाखाहरूः विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज